राष्ट्रिय सूचना आयोग

काठमाण्डौ, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

**आ.व. २०७१/०७२ (२०७१ माघदेखि २०७१ चैत्रमसान्त) सम्म**

## १. निकायको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र दुई जना सूचना आयुक्त रहने व्यबस्था छ । नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत आयोगको प्रशासकिय प्रमुख रहने व्यबस्था छ । यसले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउन, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय काठमाण्डौमा रहेको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत् सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा संचारसँग सम्वन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने, आदि ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :–

**आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यबस्था गर्दछ । हाल आयोगमा आयुक्तहरु बाहेक ३१ जना कर्मचारीहरु छन् ।**

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३१ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | १९ जना |
| ३.३ | करार सेवा कर्मचारी | १२ जना |
| ३.४ | जम्मा कर्मचारी संख्या | ३१ जना |

३.५ **कार्य विवरण अनुसार, आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् :–**

- **पुनरावेदन शाखा**

– सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोगसमक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।

– पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।

– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।

– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने ।

- **प्रशासन शाखा**

– कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने सो अन्तर्गत कर्मचारीको व्यक्तिगत विवरण, विदा, सरुवा, बढुवा जस्ता कार्य गर्ने गराउने ।

– आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।

– कार्यालय सरसफाई, विजुली पानी, टेलिफोन, मर्मत संभार लगायतका कार्य गर्ने, गराउने ।

- **योजना शाखा**

– योजना तथा प्रवर्द्धन शाखा प्रमुखले लेखा शाखा समेतको राय लिई वार्षिक रुपमा संचालन गर्ने कार्यक्रमको ढाँचा तयार गर्ने ।

– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरुको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि पेश गर्ने ।

– निर्णय भए अनुसार कार्यक्रम संचालन गर्ने र सोही अनुसार कार्यक्रम संचालन गर्ने ।

– सूचनाको हकको लागि प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

- **लेखा शाखा**

– बजेट अनुमान तयार गर्ने ।

– कोष तथा लेखा नियन्त्रक कार्यालयसंग समन्वय गरी निकासा प्राप्त गर्ने ।

– कर्मचारीहरुको तलब, भत्ता लगायत निर्णय अनुसार भएको कार्यक्रमको भुक्तानी समेत दिने ।

- **अनुगमन मूल्याङ्कन शाखा**

– सूचनाको हक कार्यान्वयन सम्बन्धमा भए गरेका अनुगमन मूल्यांकन तथा कार्यक्रमहरुको अभिलेख राखी वार्षिक प्रतिवेदन तयारको समेत कार्य गर्ने ।

- **स्टोर शाखा**

– आयोगको जिन्सी सामग्रीको अभिलेख राख्ने ।

– टुटेफुटेको सामाग्रीको लगत तयार गरी खर्च मिनाहा तथा लिलाममा पठाउनु पर्ने भए सो को विवरण तयार गरी पेश गर्ने ।

## ४. निकायबाट प्रदान गरिने सेवा :–

४.१ सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन उपर कारवाही गर्ने

४.२ योजना प्रवर्द्धन तथा अनुगमन गर्ने

४.३ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को सम्बन्धमा

- अर्न्तक्रिया गर्ने ।
- प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।
- छलफल/गोष्ठी सञ्चालन गर्ने ।
- उच्च मा.वि.का विद्यार्थीहरुसंग छलफल गर्ने/आदि ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

### ५.१ पुनरावेदन शाखा

- शाखा प्रमुख उप सचिव श्री बाबुराजा श्रेष्ठ
- शाखा अधिकृत श्री हरि प्रसाद भट्टराई
- कानुन अधिकृत श्री वालकृष्ण निरौला
- नायव सुब्बा श्री विष्णु प्रसाद अर्याल ।

### ५.२ प्रशासन शाखा

- शाखा प्रमुख उप सचिव श्री गौलोचन सैंजू
- शाखा अधिकृत श्री खड्ग राज राई
- नायव सुब्बा श्री मोहन बहादुर बुढाथोकी

### ५.३ योजना तथा प्रवर्द्धन शाखा

- शाखा प्रमुख उप सचिव श्री बेदनिधि अधिकारी
- शाखा अधिकृत श्री लाल बहादुर बस्नेत

### ५.४ लेखा शाखा

- लेखा अधिकृत श्री शर्मिला थपलिया

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि नियमानुसार

सूचना १० पेज सम्मको निःशुल्क सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने ।

## ७. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी,

राष्ट्रिय सूचना आयोगका सचिव श्री लक्ष्मण प्रसाद मैनाली ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी,

प्रशासकीय निर्णय उपर सचिव श्री लक्ष्मण प्रसाद मैनाली ।

## ९. सम्पादन गरेको कामको विवरण

### ९.१ आयोगको नियमित कार्यक्रम तर्फ

**विद्यालयस्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम**

| सि.नं. | जिल्ला | विद्यालयको नाम | विद्यार्थी संख्या |
|---|---|---|---|
| १. | स्याङ्गजा | पूर्णामृत भवानी उच्च मा.वि. | १९० |
| २. | बाँके | महेन्द्र उच्च मा.वि. , नेपालगञ्ज | १८६ |
| ३. | दाङ | राप्ति आवासीय मा.वि. | १०१ |
| ४. | डोटी | दिल्पेश्वर उच्च मा.वि. | २१४ |

### ९.२ अनुगमन तर्फ : ११ जिल्लाका २८७ सार्वजनिक निकाय

| सि.नं. | जिल्ला | निकायको सख्या |
|---|---|---|
| १. | स्याङ्गजा | ३६ |
| २. | बाग्लुङ | २३ |
| ३. | पर्वत | ३२ |
| ४. | दाङ | २६ |
| ५. | डोटी | २४ |
| ६. | पर्सा | २२ |
| ७. | लमजुङ | १९ |
| ८. | उदयपुर | ४६ |
| ९. | इलाम | २६ |
| १०. | बाँके | २७ |
| ११. | नवलपरासी | ६ |
| | **जम्मा** | **२८७** |

### ९.३ अभिमुखीकरण कार्यक्रम तर्फ

| सि.नं. | जिल्ला |
|---|---|
| १. | डोटी |
| २. | दाङ |
| ३. | दैलेख |
| ४. | बाग्लुङ |

### ९.४ अन्तर्क्रिया कार्यक्रम तर्फ

| सि.नं. | जिल्ला |
|---|---|
| १. | उदयपुर |
| २. | पर्वत |
| ३. | दाङ |
| ४. | लमजुङ |
| ५. | कास्की |

## ९.५ सूचना परियोजना तर्फ

- सूचना : नेपालमा सूचनाको हकको कार्यान्वयनका लागि राष्ट्रिय क्षमता अभिवृद्धि कार्यक्रम प्रारम्भ : २०७१ श्रावण १ देखि २०७२ आषाढ मसान्तसम्म
- परियोजनाको लागि श्रोत व्यवस्थापन

| | |
|---|---|
| नेपाल सरकार (GoN) | रु. १५,६६,०००।- |
| सुशासन संस्था (GF) | रु. ३,२४,९१,५७५।- |
| कुल सहायता रकम | रु. ३,४०,५७,५७५।- |

यस अवधिमा परियोजनाबाट भएका मुख्य मुख्य कामहरु :

- कार्यालय स्थापना (सेप्टेम्बर २०१४ देखि)
- वार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरिएको
- सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन र अनुगमन सम्वन्धी कार्यविधि, २०७१ तयार गरिएको
- सार्वजनिक निकायलाई proactive disclosure तयार गर्न सूचना गरिएको
- परियोजनाको संक्षिप्त परिचय (brochure) तयार गरिएको
- अन्य नियमित गतिविधिहरु सञ्चालन भएको ।

## ९.६ सूचना अधिकार केन्द्र तर्फ :–

सूचनाको हकको बारेमा बुझ्न तथा प्रयोग गर्न चाहने व्यक्तिलाई सेवा प्रदान गर्न यस आयोगले सूचनाको हकको लागि नागरिक अभियान (CCRI) संगको सहकार्यमा **"सूचना अधिकार केन्द्र"** को स्थापना गरिएको छ । उक्त केन्द्रको उद्घाटन नेपाल सरकारका मुख्य सचिव श्री लीलामणि पौड्यालज्यूबाट मिति २०६९।५।५ गते गर्नु भएको थियो । यस केन्द्रबाट सूचनाको हकको प्रयोग गर्न चाहेको व्यक्तिले यस हक सम्बन्धी जानकारीको लागि तथा सूचनाको हक प्रयोग गर्दा समस्या परेका कुनै पनि व्यक्तिले सेवा र सल्लाहका लागि सर्म्पक गर्न सक्छन् ।

**केन्द्रको आवश्यकता तथा उद्देश्य निम्नानुसार छन् :–**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने ।

२. सूचनाको हक र यसको उपयोगिताको बारेमा जानकारी लिन चाहने व्यक्तिलाई आवश्यक जानकारी उपलब्ध गराउने ।

३. खोजेको सूचना कहाँ र कसरी प्राप्त गर्ने भन्ने बारेमा अन्योल भएका व्यक्तिलाई आवश्यक सेवा तथा सल्लाह दिने ।

४. सूचनाको हकको प्रयोग र प्रचलन बढाउनको लागि आवश्यक सहयोग गर्ने ।

५. जागरुक समाजको निमार्ण मार्फत् राज्यलाई पारदर्शि तथा जवाफदेही बनाउनको लागि भूमिका निर्वाह गर्ने ।

**केन्द्रबाट निम्न लिखित सेवा उपलब्ध गराउंदछन् :–**

१. सूचनाको हक भनेको ? यसको उपयोगिता के छ ? कुनकुन निकायमा कस्ता कस्ता विषयमा सूचना माग गर्न सकिन्छ भन्ने बारेमा जानकारी लिन चाहने व्यक्तिलाई आधारभूत जानकारी दिने ।

२. सार्वजनिक निकायबाट सूचना माग गर्दा के के प्रक्रिया पूरा गर्नु पर्दछ ? कति समय लाग्छ ? कुन व्यक्तिसंग सम्पर्क गर्नु पर्दछ ? सूचना माग गर्न के कस्तो तयारी गर्नु पर्दछ भन्ने बारेमा प्रक्रियागत सल्लाह र सुझाव उपलब्ध गराउने ।

३. सूचना माग गर्नको लागि शुरुमा दर्ता गर्नु पर्ने निवेदन, उजुरी तथा आयोगमा दर्ता गर्नु पर्ने पुनरावेदनको ढाँचा उपलब्ध गराउने, लेख्न सहयोग गर्ने तथा आवश्यकता अनुसार निवेदन, उजुरी र पुनरावेदन लेखेर उपलब्ध गराउने ।

४. आफूले माग गरेअनुरुप वा सही एवं पूर्ण सूचना नपाएमा कुन प्रक्रिया अपनाउने, कहाँ उजुरी गर्ने, सार्वजनिक निकायबाट सूचना नपाएमा आयोगमा कसरी पुनरावेदन गर्ने भन्ने बारेमा सल्लाह दिने ।

५. सूचना मागकर्तालाई परेको कुनै पनि कानूनी, सैद्धान्तिक तथा व्यावहारिक समस्याको उपचारका लागि सल्लाह दिने तथा प्रक्रियामा आवश्यकता अनुसार सहयोग गर्ने ।

**९.७ सूचना अधिकार केन्द्रबाट २०७१ सालको , माग, फागुन र चैंत महिनामा प्रदान गरिएको सेवा तथा सहयोगको (त्रैमासिक) प्रतिवेदन**

**१.सेवाग्रहीले केन्द्रमा प्रत्यक्ष सम्पर्क गरेर प्राप्त गरेका सेवाहरु**

- सूचना प्राप्तको लागी निवेदन - १३४
- उजुरीको मसौदा र दर्ता (यस आयोग र अन्य कार्यालयका प्रमुख समक्ष) -१०५

**२.टेलिफोन मार्फत प्रदान गरेका सेवा**

- जम्मा प्राप्त फोन संख्या -५७३
- केन्द्रबाट फोन मार्फत सेवा -१७१ (कार्यालय बन्द भएको समयमा टोल फ्रि नम्बरमा गरेको फोन मोबाइलमा जाने व्यवस्था मिलाएको र कार्यालय समयमा केन्द्रबाट फोन गर्ने गरीएको )
- एस.एम.एस. पठाउनेलाई गरेको फोन - ५४

**३.एस.एम.एस सेवा**

- प्राप्त एस.एम.एस - ५४

**४. इमेल मार्फत सेवा**

- इमेल पठाएको - ७० (सूचना प्राप्त गर्ने निवेदन तथा उजुरी सहित पठाएको)

**५.फ्याक्स मार्फत सेवा** - २३

**६.केन्द्रको प्रत्यक्ष भ्रमण -** १४१ (जानकारी एवं केन्द्रबाट सहयोग प्राप्तको निमित्त)

**९.८ नोटिस वोर्ड सेवा स्थापना गरेको देहायको नम्बरमा फोन गरी ०१–१६१८–४६०१२१२ आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।**

**९.९ विभिन्न कार्यक्रम सञ्चालन गरेको**

नागरिक जागरण कार्यक्रम, जिल्लागत अन्तरक्रिया कार्यक्रम, पत्रपत्रिका वेवसाईट नेटवर्किङ विकास/मर्मत, कर्मचारी दक्षता अभिबृद्धि कार्यक्रम, सूचनाको हक सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठित व्यक्तिहरुसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम र जनचेतना कार्यक्रम अनुगमन तथा मूल्यांकन कार्यक्रम ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद,**

१. सूचना अधिकारी श्री गौलोचन सैंजू, उप सचिव

२. प्रमुख सूचना अधिकारी सचिव श्री लक्ष्मण प्रसाद मैनाली

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- आयोगको बैठक व्यवस्था कार्यविधि, २०६७
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७

- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
- सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन र अनुगमन सम्बन्धी कार्यविधि, २०७१

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| | | |
|---|---|---|
| १. | बार्षिक स्वीकृत बजेट | रु २,३४,६४,०३२।– |
| २. | स्वीकृत बजेट मध्ये कार्यक्रम खर्च | रु ४५,१०,०००।– |
| ३. | अनुगमन मुल्याँकन | रु ९,३०,०००।– |

आ.व. २०७१/०७२ मा आयोगको कुल बजेट रु २,३४,६४,०३२।– रहेकोमा चालु खर्च रु २,२६,३५,०३२।– र पूँजीगत खर्च रु ८,२९,०००।– रहेको छ । चालु बजेट तर्फ कार्यक्रम खर्चमा रु ४५,१०,०००।– र अनुगमन मुल्याँकन खर्चमा रु ९,३०,०००।– रहेको छ। तेश्रो त्रैमासिक सम्ममा चालु खर्च तर्फ कार्यक्रममा रु १६,०४,०४५।– र अनुगमन मुल्याँकनमा रु २,०२,११५।– मात्र खर्च भएको छ। र पूँजीगत खर्च रु ६,००,२३९।–

चालु खर्च तर्फ : यो त्रैमासिकमा जम्मा विनियोजन बजेटमध्ये रु ४५,२१,७७३।– मात्र खर्च भएको र उक्त कुल खर्च रकम कुल विनियोजन रकमको १९.९८ प्रतिशत मात्र हुन आउछ।

यस आ.व.मा विनियोजन बजेटको चालुर खर्च तर्फ चैत मसान्तसम्म रु १,१०,२८,९५४।– अर्च भएको, उक्त रकम कुल बजेटको ४८.७३ प्रतिशत मात्र खर्च देखिन्छ भने पूँजीगत खर्च तर्फ चैत मसान्तसम्म रु ६,००,२३९।०० खर्च भएको छ । उक्त रकम कुल बजेटको ७२.४१ प्रतिशत मात्र खर्च भएको देखिन्छ ।

**आ.व.२०७१।०७२ को तेश्रो त्रैमासिक (माघ,फागुन र चैत) सम्मको निकाशा तथा खर्चको विवरण**

**३५८०१५३ चालु खर्च**

| माघ, फागुन र चैत महिना सम्मको निकासा | खर्च संकेत नम्बर | खर्च र वित्तीय शीर्षक | अन्तिम वजेट | माघ, फागुन र चैत महिना सम्मको निकासा |
|---|---|---|---|---|
| १०६७४१३।०० | २१११२ | तलव | ७३७४०००।०० | १०६७४१३।०० |
| २४०००।०० | २२११३ | महङ्गी भत्ता | १६४०३२।०० | २४०००।०० |
| १५४९५०।०० | २१११९ | अन्य भत्ता | २४००००।०० | १५४९५०।०० |
| ९००००।०० | २११२१ | पोशाक | १२८०००।०० | ९००००।०० |
| ०।०० | २११२३ | औषधि उपचार | १२१०००।०० | ०।०० |
| ५१५३३।०० | २२१११ | पानी तथा विजुली | २५३०००।०० | ५१५३३।०० |
| ६६२२०।०० | २२११२ | संचार महसुल | ३०२०००।०० | ६६२२०।०० |
| ४६२०००।०० | २२१२१ | घर भाडा | २२६९०००।०० | ४६२०००।०० |
| १७११४८।०० | २२२११ | इन्धन | ९८८०००।०० | १७११४८।०० |
| ६१४०९।०० | २२२१२ | संचालन तथा मर्मत | ४३८०००।०० | ६१४०९।०० |
| ८५८।०० | २२२१३ | विमा | ६००००।०० | ८५८।०० |
| ६९५८७३।०० | २२३११ | कार्यालय सं. खर्च | १२७६०००।०० | ६९५८७३।०० |
| ९६८७।०० | २२३१३ | पुस्तक तथा सामाग्री | ३५०००।०० | ९६८७।०० |
| २३१६९।०० | २२३१४ | इन्धन अन्य प्रयोजन | ५०००००।०० | २३१६९।०० |
| ३५८६१२।०० | २२४११ | सेवा र परामर्श | २३३००००।०० | ३५८६१२।०० |
| १००५६८६।०० | २२५२२ | कार्यक्रम खर्च | ४५१००००।०० | १००५६८६।०० |

| | | | | |
|---|---|---|---|---|
| १३०३०८।०० | २२६११ | अनुगमन मूल्यांकन | ९३००००।०० | १३०३०८।०० |
| ६२१५६।०० | २२६१२ | भ्रमण खर्च | ३७५०००।०० | ६२१५६।०० |
| ८६७५१।०० | २२७११ | विविध खर्च | ३४२०००।०० | ८६७५१।०० |
| **४५२१७७३।००** | | **जम्मा** | **२२६३५०३२।००** | **४५२१७७३।००** |

**३५८०१५४ पुजिगत**

| माघ, फागुन र चैत महिना सम्मको निकासा | खर्च संकेत नम्बर | खर्च र वित्तीय शीर्षक | अन्तिम वजेट | माघ, फागुन र चैत महिना सम्मको निकासा |
|---|---|---|---|---|
| १३२२९४।०० | २९३११ | फर्निचर तथा फिक्चर्स | २४००००।०० | १३२२९४।०० |
| १८७९००।०० | २९४११ | सवारी साधन | ३७४०००।०० | १८७९००।०० |
| १५४००।०० | २९५११ | मेशिनरी औजार | २१५०००।०० | १५४००।०० |
| **३३५५९४।००** | | **जम्मा** | **८२९०००।००** | **३३५५९४।००** |
| **४८५७३६७।००** | | **कुल जम्मा** | **२३४६४०३२।००** | **४८५७३६७।००** |

## १३. तोकिए बमोजिमका अन्य विवरण :–

| | |
|---|---|
| आ.व. २०७१/०७२ (माघ, फागुन र चैत) मा उजुरी,निवेदन र पुनरावेदनको जम्मा संख्या | ९९ वटा |
| प्रारम्भिक आदेश भएका फाईलहरू | ९४ वटा |
| प्रारम्भिक आदेश हुन बाँकी फाईलहरू | ५ वटा |
| फछ्र्यौट प्रतिशत | ९४.९४ % |

## १४. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरू:-

**आ.व.२०७०।७१ मा आयोगवाट सम्पादित प्रवर्द्धनात्मक कार्यक्रमबाट प्राप्त उपलब्धिको एक झलक :**

**अन्तरकिया: १८ जिल्लामा**

| सि.न. | जिल्ला | मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | रसुवा | २०७०।७।१३ | ५३ |
| २ | सोलुखुम्वु | २०७०।११।४ | २७ |
| ३ | काभ्रेपलाञ्चोक | २०७०।११।१२ | ५७ |
| ४ | महोत्तरी | २०७०।११।२१ | ४० |
| ५ | धादिङ्ग | २०७०।११।२१ | ३५ |
| ६ | अर्घाखाँची | २०७०।११।२२ | ६५ |
| ७ | भक्तपुर | २०७०।११।२८ | ६० |
| ८ | सल्यान | २०७०।१२।१३ | ४० |
| ९ | दैलेख | २०७०।१२।१३ | ३२ |
| १० | दाङ्ग | २०७०।१२।१४ | ६३ |
| ११ | सुर्खेत | २०७०।१२।१४ | ६२ |
| १२ | रौतहट | २०७०।१२।२४ | ६२ |

| | | | |
|---|---|---|---|
| १३ | वारा | २०७०।१२।२६ | ४६ |
| १४ | मकवानपुर | २०७०।१२।२७ | ५५ |
| १५ | मोरङ्ग | २०७१।१।१३ | ७४ |
| १६ | पाल्पा | २०७१।१।२९ | ४८ |
| १७ | रुपन्देही | २०७१।१।३० | ६९ |
| १८ | नवलपरासी | २०७१।२।२३ | ४१ |
| | **जम्मा** | | **९२९** |

**अभिमुखीकरण: ८ जिल्लामा**

| **सि.न.** | **जिल्ला** | **मिति** | **सहभागी संख्या** |
|---|---|---|---|
| १ | सर्लाही | २०७०।७।१५ | ५४ |
| २ | ओखलढुङ्गा | २०७०।११।२ | २७ |
| ३ | कपिलवस्तु | २०७०।११।२० | ६७ |
| ४ | धनुषा | २०७०।११।२२ | ४१ |
| ५ | नुवाकोट | २०७०।११।२२ | ४६ |
| ६ | लमजुङ्ग | २०७०।११।२३ | ४५ |
| ७ | मोरङ्ग | २०७१।१।१२ | ७० |
| ८ | बर्दिया | २०७१।३।२० | ४८ |
| **जम्मा** | | | **३९८** |

**प्रशिक्षक प्रशिक्षण कार्यक्रम : ३ वटा**

| **सि.न.** | **कार्यक्रम,** | **जिल्ला** | **मिति** | **सहभागी संख्या** |
|---|---|---|---|---|
| १ | सार्वजनिक निकायका तालिम प्रदायक संस्थाका वरिष्ठ प्रशिक्षक र प्रशिक्षकहरुका लागि तालिम कार्यक्रम , | काठमाडौं | २०७१।२।२९ र ३० गते | २६ |
| २ | विभागस्तरीय निकायका सूचना अधिकारीहरुको लागि प्रशिक्षण कार्यक्रम | काठमाडौ. | २०७१।३।१० र ११ गते | २८ |
| ३ | वैक तथा वित्तिय संस्थाका सूचना अधिकारी, नेपाल वार एशोसिएसन,नेपाल पत्रकार महासघ, अस्पतालका सूचना अधिकारीहरुका लागि एड्भान्स प्रशिक्षक प्रशिक्षण कार्यक्रम | काठमाडौं | २०७१।३।१८ र १९ गते | ३६ |
| | | | जम्मा | **९०** |

**विद्यालयस्तरीय कार्यक्रमः १० वटा**

| **सि.न.** | **विद्यालय** | **जिल्ला** | **मिति** | **सहभागी** |
|---|---|---|---|---|
| १ | श्री सारताप उ.मा.वि. | पाँचथर | २०७०।६।११ | २०० |
| २ | श्री सिद्धार्थ उ.मा.वि. | स्याङ्गजा | २०७०।७।५ | २०५ |
| ३ | श्री जनजागृति उ.मा.वि. | सोलुखुम्वु | २०७०।११।५ | ७६ |
| ४ | श्री सञ्जिवनी उ.मा.वि.धुलिखेल | काभ्रेपलाञ्चोक | २०७०।११।१३ | २०८ |
| ५ | श्री कोटेश्वर वहुमुखी क्याम्पस | काठमाडौं | २०७०।११।३० | ११० |
| ६ | श्री नयाँगाउ उ.मा.वि. | रुपन्देही | २०७०।११।२१ | २१५ |
| ७ | श्री एपेक्स उ.मा.वि. | रुपन्देही | २०७१।१।३० | ९३ |
| ८ | श्री मन्थली उ.मा.वि | रामेछाप | २०७१।२।२७ | २१२ |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्री वालकल्याण उ.मा.वि. | रोल्पा | २०७१।३।९ | १७० |
| १० | श्री प्रकाश उ.मा.वि. | म्याग्दी | २०७१।३।१० | १५८ |
| | **जम्मा** | | | **१६४७** |

**अनुगमन : ४० जिल्लाका ७४३ सार्वजनिक निकाय**

| सि.न. | जिल्ला | निकाय |
|---|---|---|
| १ | मोरङ्ग | ४४ |
| २ | रामेछाप | २४ |
| ३ | सुर्खेत | २६ |
| ४ | संखुवासभा | ८ |
| ५ | कास्की | ७ |
| ६ | बाँके | १६ |
| ७ | महोत्तरी | १८ |
| ८ | सिन्धुली | २२ |
| ९ | सिन्धुपाल्चोक | १५ |
| १० | वारा | २२ |
| ११ | सोलुखुम्वु | २० |
| १२ | काभ्रेपलाञ्चोक | २६ |
| १३ | धादिङ्ग | २४ |
| १४ | गुल्मी | १२ |
| १५ | सर्लाही | २७ |
| १६ | रसुवा | ४ |
| १७ | पाँचथर | १३ |
| १८ | दैलेख | १५ |
| १९ | प्युठान | २० |
| २० | रोल्पा | २५ |
| २१ | मकवानपुर | ८ |
| २२ | वाग्लुङ्ग | १९ |
| २३ | म्याग्दी | १६ |
| २४ | रुपन्देही | १८ |
| २५ | रौतहट | १३ |
| २६ | ओखलढुङ्गा | १९ |
| २७ | नुवाकोट | २२ |
| २८ | लम्जुङ्ग | ३५ |
| २९ | धनुषा | २२ |
| ३० | वर्दिया | १९ |
| ३१ | दोलखा | ५ |
| ३२ | झापा | १९ |
| ३३ | इलाम | १२ |
| ३४ | पाल्पा | २५ |
| ३५ | तनहुँ | १४ |
| ३६ | दाङ्ग | २१ |
| ३७ | सल्यान | १९ |
| ३८ | कपिलवस्तु | १७ |
| ३९ | अर्घाखाँची | २० |
| ४० | नवलपरासी | १२ |
| | **जम्मा** | **७४३** |

## १५. सार्वजनिक निकायको वेबसाइट :

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

## १६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एव्म सम्झौता सम्बन्धी विवरणः

मिति २०७१।३।३१ गते आयोग र Governance Facility Nepal बीच पञ्चवर्षीय रणनीतिक कार्य योजना २०१३- २०१८ अन्तर्गत दोश्रो वर्षका लागि आ.व. २०७१/७२ (July 17th 2014 – July 16th 2015) को निमित्त DANIDA/SDC/DFID लगायतको संलग्नतामा प्रारम्भ भएको GF (Governance Facility) Nepal परियोजनाले रु. ३,२४,९१,५७५।- .को अनुदान सहयोग गर्ने सम्झौता पत्रमा राष्ट्रिय सूचना आयोगको तर्फबाट तत्कालिन सह सचिव श्री शान्तिराम शर्माले र GF Nepal को तर्फबाट Head of Programme Mr. Niels Hjortdal ले हस्ताक्षर गर्नु भएको थियो । यस परियोजनाको उद्देश्य अनुसार सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न आयोगलाई अझ सबलीकरण गर्दै सार्वजनिक निकायहरूलाई आफूसँग भएका सूचनाहरूलाई व्यवस्थित गर्ने एवं स्वस्र्फूत ढंगबाट सार्वजनिक गर्ने तथा ती निकायहरूमा नागरिकबाट हुने सूचनाको मागलाई सकारात्मक ढंगबाट सम्बोधन गर्ने परिपाटी बसाल्न छानिएका केही मन्त्रालयहरू र ती

अन्तर्गतका स्थानीय निकायहरुको दक्षतालाई सुदृढ गर्दै सूचना प्रवाह र पहुँचलाई सरल र सहज रूपमा लैजाने कार्यक्रम रहेको छ ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदनः**

**अनुगमनतर्फः** एघार जिल्लाका २८७ सार्वजनिक निकाय

**विद्यालय कार्यक्रमः** चार जिल्लाका चार विद्यालयमा ६९१ विद्यार्थीहरुलाई प्रशिक्षण

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः** सबै सूचना खुल्ला रहेको ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषयः** २ वटा ।

२०. **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः** सूचनाको हकसम्बन्धी ऐन, नियम र कार्यविधिको संगालो र बुलेटिन प्रकाशित भएको ।

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१४६०२९२०/०१४६०२७४७,
फ्याक्स : ०१४६०१२१२
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np

राष्ट्रिय सूचना आयोग
कोटेश्वर,पेरीसडाँडा,
काठमाडौं ।